फोन नं.०८६-४४०११८/४४०३०२
इमेल : akcrolpa@gmail.com
वेबसाइट : rolpa.akc.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र,रोल्पा

प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशन मिति :२०८०/०७/१५

कृषि ज्ञान केन्द्र,रोल्पाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक आवेदकले आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले दिन १५ (२०८०।०८।०६ गते भित्र) कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने पर्ने प्रस्तावको ढाँचा,संलग्न गर्नुपर्ने कागजात,मापदण्ड,कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० लगायत आवश्यक विवरण यस कार्यालयको वेबसाईट www. rolpa.akc.gov.np बाट वा सम्बन्धित पालिकाको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

<table>
<tr><th>क. सं.</th><th>कार्यक्रमको नाम</th><th>मापदण्ड</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदानको सिमा</th></tr>
<tr><td>१.</td><td>बीउ आत्मनिर्भर/ बीज वृद्धि कार्यक्रम</td><td>• बीज वृद्धि कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने:
<table>
<tr><th>बीज वृद्धि</th><th>आवश्यक क्षेत्रफल(रोपनी)</th></tr>
<tr><td>तरकारी बीउ</td><td>५</td></tr>
<tr><td>लसुन तथा प्याज</td><td>५</td></tr>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>६०</td></tr>
<tr><td>दलहन/ तेलहन</td><td>२०</td></tr>
<tr><td>आलु बीउ पि.वि.एस</td><td>१००० दाना</td></tr>
<tr><td>आलु बीउ(अन्य स्तर)</td><td>२०</td></tr>
</table>
• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने।
• सामूहिक बीउ उत्पादन क्लस्टरमा गर्नुपर्ने।
• बीउ कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने।
• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने।</td><td>• उत्पादन सामाग्री: स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, शुक्ष्म तत्व खरिद।
• प्याकेजिङ सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद।</td><td>बीज वृद्धि कार्यक्रमको हकमा प्रोत्साहन स्वरुप देहाय बमोजिम रकम उपलब्ध गराईनेछ।
• आलु(पि.वि.एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रु २५००/-
• तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु ५०००/-
• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु १५०० अनुदान दिईने।</td></tr>
<tr><td>२.</td><td>बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम</td><td>• कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने।
• देहाय बमोजिमको मापदण्ड अनुसार Cluster Approach मा क्षेत्रफल विस्तार हुनुपर्ने।
<table>
<tr><th>क. स</th><th>बाली</th><th>क्षेत्रफल(हे.)/क्लस्टर संख्या</th><th>बजेट रु. लाख</th></tr>
<tr><td>१.</td><td>स्वदेशी मसिना धान</td><td>२००(बढिमा ५ क्लस्टर)</td><td>२०</td></tr>
<tr><td>२.</td><td>मकै</td><td>२००(बढिमा ५ क्लस्टर)</td><td>२५</td></tr>
<tr><td>३.</td><td>तोरी</td><td>१५०(बढिमा ५ क्लस्टर)</td><td>२०</td></tr>
<tr><td>४.</td><td>मसुरो</td><td>१००(बढिमा ५ क्लस्टर)</td><td>२७</td></tr>
<tr><td>५.</td><td>तरकारी</td><td>२०(बढिमा ५ क्लस्टर)</td><td>२५</td></tr>
</table></td><td>• बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग।
• क्षमता अभिवृद्धि।
• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा।
• प्रशोधन तथा बजारीकरण सहजिकरण।</td><td>• कार्यालयले बीउ/बिरुवा खरिद गरी शतप्रतिशत र स्याउ स्टेकिङ्गमा लागतको ५० प्रतिशत सहयोग गराउन सक्ने र बाँकी रकम आवश्यकताको आधारमा प्रति हेक्टर रु पाँच हजार नबढने गरी अन्य उत्पादन सामाग्रीका लागि खर्च गर्न सकिनेछ।
• क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली रु १ लाख नबढने गरी खर्च गर्नसकिनेछ।</td></tr>
</table>

मनोज कुमार सिंह
नि. कार्यालय प्र

६.	बर्बे आलु/बालु	२०(बढिमा ५ क्लस्टर)	२५
७.	सुनलाजात फलफूल	१०(बढिमा ५ क्लस्टर)	१७
८.	अर्थ	१०(बढिमा ५ क्लस्टर)	१७
९.	हाइडेन्सिटी स्याउ	२(बढिमा २ क्लस्टर)	९६

नोट:

- तोकिएको क्षेत्रफलको कम्तिमा ८०% पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- बीउ उत्पादन(धान, मकै, आलु) का लागि आवश्यक क्षेत्रफल कम्तिमा ५ हेक्टर (बढिमा २ क्लटर)।
- आलुबालीको नयाँ क्षेत्र विकासमा प्राथमिकता दिनुपर्ने।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

१. प्रस्तावकको संकलन निवेदन (अनुसूचि २ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (कृषक समूह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनूसुचि ३ बमोजिम) र उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णय प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान।
१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पूर्जाको प्रतिलिपि वा जग्गा भाडौमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्षमा वा तोकिएको अवधिको करार पत्र।

पुनश्च:

१.कार्यविधि संसोधन भई आएमा सोहि अनुसार हुनेछ।

नोट : थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राखु हुन तथा कार्यालयको फोन नं. ९८५७८७७०११, ०८६४४०११८ र ०८६४४०३०२ मा सम्पर्क राख हुन अनुरोध गरिन्छ ।

मनोज कुमार सिंह
नि. कार्यालय प्रमुख